जि.प्र.का.का.द.नं. 320-057/ 058 स.क.प. द.नं.: 16999

**मानवअधिकार एलाइन्स**
**राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल**

**HUMANRIGHTS ALLIANCE**
National Alliance for Human Rights and Social Justice, Nepal

२०७९ आषाढ २२ गते

## प्रेस विज्ञप्ति

### रेडक्रसका अन्तर्राष्ट्रिय मूल्य मान्यताको सम्मान गर ।

मानवीय सहायता, विपद् जोखिम व्यवस्थापन र रक्त सञ्चार सेवामा स्थापनाकाल देखि नै दत्तचित्त भएको र मानवीय सेवामा विश्वव्यापी पहिचान बनाएको नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय कार्यालयमा प्रहरी तैनाथ गरिएको कार्यप्रति हामी मानवअधिकार र मानवीय जवाफदेहिताको क्षेत्रमा कार्यरत समुदायको गम्भिर ध्यानाकर्षण भएको छ ।

सम्मानित सर्वोच्च अदालतले अन्तरकालीन आदेश दिएको अधिकार कार्यान्वयन गर्न गएको डा. नेत्र तिम्सिना अध्यक्ष रहेको तदर्थ समितिलाई कार्यालय परिसरमा प्रवेश गर्न अवरोध सिर्जना गर्नु र कार्यालय परिसरमा हतियार सहित प्रहरी तैनाथ गरिनु कानुनी राज्यको अवधारणा विपरितको कार्य र मानवीय सेवामा समर्पित संस्थाहरु र रेडक्रसको अन्तर्राष्ट्रिय मूल्य मान्यता विपरितको कार्य हो भन्ने मानवअधिकार र मानवीय सेवामा कार्यरत समुदायको ठहर छ । नेपाल रेडक्रस सोसाइटीमा भएको सरकारको हस्तक्षेपकारी कार्यले नागरिक संगठनको स्वतन्त्रताको दायरालाई समेत संकुचन गर्ने कार्य भएको देखिन्छ ।

यस अवस्थामा, मानवीय संस्थाका अन्तर्राष्ट्रिय मूल्य मान्यताहरुको सम्मान गर्न, अदालतको फैसलाको कार्यान्वयन गर्न, संगठन स्वतन्त्रता सम्बन्धी संवैधानिक अधिकारहरुको संरक्षण र सम्बद्र्धन गर्न, जीवन रक्षा, विपद् उत्थानशील समुदायको निर्माण, मानवीय मर्यादाका लागि विश्वभर क्रियाशील रेडक्रस जस्तो संस्थामा प्रहरी हस्तक्षेप वन्द गर्न, संस्थाको स्वायत्तता र सम्बद्र्धनको सम्मान गर्न नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरु समक्ष मानवअधिकार एलाइन्स हार्दिक अपिल गर्दछ ।

M Bshahi

मीनबहादुर शाही
अध्यक्ष

**Contact Office: Sanepa, Lalitpur, Phone + 977-1- 5548040**
**Post Box No – 9993 G.P.O. Kathmandu,Nepal, Email: alliance.humanrights@gmail.com.np**